का.जि.प्र.का.द.नं. १००/०५९/६०
१३ वैशाख २०७९,
मंगलबार
26 April 2022,
Tuesday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक ८० । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com



डोल्पाको काइके गाउँपालिकामा निर्विरोध निर्वाचित एकीकृत समाजवादीका अंगत राना र उपाध्यक्ष नेपाली कांग्रेसकी निमा बुढालगायत ।




आगामी ३० वैशाखमा हुने स्थानीय चुनावका लागि सोमबार मनोनयन दर्ता टुंगिएको छ । आइतबार १० हजारले उम्मेद्वारी दिएकोमा सोमबार राति अवेरसम्मको जानकारी अनुसार, ५ हजार बढी त स्वतन्त्र उम्मेद्वारी परेको छ ।

# उत्साहजनक उम्मेद्वारी

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १२ वैशाख ।

आगामी ३० वैशाखको चुनावका लागि आइतबार १० हजार बढीको मात्रै उम्मेदवारी दर्ता भयो । राजनीतिक दलहरुले उम्मेद्वार टुंग्याउन नसक्दा आइतबार न्यून उम्मेद्वारी परेको थियो। तर दोस्रो तथा अन्तिम दनि सोमबार भने उम्मेद्वारी दर्ता राति अबेरसम्मै चल्यो ।

दुई दिन मनोनयनको समय दिइएकाले दलहरुले ठूला शहर र सहमति जुट्न नसकेको स्थानहरुमा उम्मेद्वार टुंग्याएका थिए। त्यसैले सोमबार मनोनयन दर्ता गराउने कार्य अबेरसम्मै चल्यो। आयोगले पनि साँझ ५ बजेसम्म लाइनमा उभिएकाहरुको मनोनयन दर्ता गराउने निर्णय लिएको थियो।

राति अबेरसम्मको नतिजा र दृष्य हेर्दा यसपटक उत्साहजनक उम्मेद्वारी परेको छ । महानगरपालिका र उपमहानगरपालिका अझ बढी उत्साहपूर्ण उम्मेदवारी दर्ता भयो। काठमाडौं महानगरमा पाँच दलीय सत्ता गठबन्धनबाट नेपाली कांग्रेसले सिर्जना सिंह र नेकपा एमालेले केशव स्थापितलाई मेयरको उम्मेदवार बनाएका छन् । यी दुई लाई मुख्य प्रतिपर्धीको रुपमा हेरिएको छ । सिंहलाई सत्ता गठबन्धनका माओवादी केन्द्र, एकीकृत समाजवादी, जनता समाजवादी पार्टी र राष्ट्रिय जनमोर्चाको समर्थन छ ।

एमाले एक्लै चुनावी मैदानमा छ । विवेकशील साझा पार्टीबाट समीक्षा बाँस्कोटा र राष्ट्रिय प्रजातन्त्रबाट मदनदास श्रेष्ठको उम्मेदवारी परेको छ । स्वतन्त्र उम्मेदवार बालेन शाहलाई पनि बलियो मत ल्याउने उम्मेदवारका रुपमा हेरिएको छ । चितवनको भारतपुरमा पनि चुनावी माहोलिन आफ्नै ढंगले छ । ०७४ को

– बाँकी पृष्ठ २ मा

# वडाध्यक्षको आकर्षण

यसपटक स्थानीय तहको चुनावमा ठूलो संख्यामा स्वतन्त्र उम्मेद्वारी परेको छ । त्यसमध्ये पनि वडाध्यक्षमा धेरै आकर्षण देखिएको छ ।

> स्वतन्त्र उम्मेदवारी पर्ने जुन आंकलन थियो त्यो भन्दा निकै माथि पुगेको छ ।
>
> **ईश्वरी प्रसाद पौड्याल**
> आयुक्त, निर्वाचन आयोग

**शिवराज परियार /मध्यान्ह**
काठमाडौं, १२ वैशाख ।

स्थानीय चुनावका लागि स्वतन्त्र उम्मेदवारी दर्ता गराउनेहरु ठूलो संख्यामा देखिएको छ। निर्वाचन आयोगका अधिकारीहरु सोचे भन्दा धेरै स्वतन्त्र उम्मेदवारी परेको बताउँछन् । 'स्वतन्त्र उम्मेदवारी पर्ने जुन आंकलन थियो, त्यो भन्दा निकै माथि पुगेको छ' निर्वाचन आयोगका आयुक्त इश्वरी प्रसाद पौड्यालले भने ।

आइतबार राति अबेर निर्वाचन आयोगले दिएको जानकारी अनुसार, ८४ हजारले मनोनयन दर्ता हुँदा ६ हजार बढीले स्वतन्त्र उम्मेदवारी दर्ता गराएका छन् । ८४ हजार मनोनयन दर्ताको तथ्याङ्कममा ७५३ तहका बिभिन्न पदका महानगरपालिका, उपमहा नगरपालिका र नगरपालिकाको प्रमुखमा ८८५ र उपप्रमुखमा २७७ जनाको स्वतन्त्र उम्मेदवारी दर्ता भयो ।

गाउँपालिका अध्यक्षमा ७४२ र उपाध्यक्षमा २५४ जनाको स्वतन्त्र उम्मेदवारी पऱ्यो । वडाध्यक्षमा ३ हजार ७८६ जनाको उम्मोदवारी परेको छ। वडा सदस्यमा भने स्वतन्त्र उम्मेदवारी परेको छैन ।

स्वतन्त्र उम्मेदवारहरुको यो तथ्याङ्क राजनीतिक दलहरुको भन्दा निकै बढी हो । नगर प्रमुख (मेयर) पदमा ८८५ स्वतन्त्र उम्मेदवारी दर्ता हुदा एमालेका २३३ उम्मेदवारी दर्ता भएको भने कांग्रेसले १९४ ठाउँमा मात्रै मनोनयन दर्ता गराएको निर्वाचन आयोगको रेकर्ड छ । यही तथ्याङ्कमा राष्ट्रिय प्रजातन्त्र पार्टीको १८७ ठाउँमा मनोनयन परेको छ ।

गाँउपालिकाहरुको अध्यक्ष पदमा ७४२ ठाउँमा स्वतन्त्र उम्मेदवारी पर्दा एमालेले ३७५ ठाउँमा

– बाँकी पृष्ठ २ मा

# शीर्ष नेताहरूमा परिवार मोह !

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १२ वैशाख ।

आगामी ३० वैशाखमा हुने स्थानीय चुनावका लागि सोमबार मनोनयन दर्ता सकिएको छ । यसपटक निर्वाचन आयोगले दुई दिन (आइतबा र सोमबार) मनोनयनको समय दिएको थियो । पहिलो दिन भन्दा दोस्रो दिन मनोनयन उच्च संख्यामा परेको छ। त्यसको कारण भने दलहरुले उम्मेद्वार टुंग्याउन ढिलाइ गर्नु नै हो ।

सत्ता गठबन्धन र विपक्षी गठबन्धनले सोमबार मात्रै उम्मेद्वार टुंग्याएको थियो । विशेषगरी ठूला शहर र सर्वसहमत उम्मेद्वार टुंगिन नसकेको ठाउँमा दलहरुले सोमबार उम्मेद्वार टुंग्याएका हुन्। सरकारको नेतृत्व गरेको नेपाली कांग्रेसले आफ्नो भागमा परेको महानगर र उपमहानगरको उम्मेद्वार सोमबार मात्रै टुंग्याएको थियो। त्यसबाहेक सहमति जुट्न नसकेको पालिकामा पनि सोमबार टिकट दिइयो ।

नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी लगायत दलमा भने कांग्रेस जति विवाद देखिएन । यी दलहरुले ठूला शहरको उम्मेद्वार समयमै टुंग्याए । तर कांग्रेस र प्रमुख विपक्षी दल एमालेमा भने उम्मेद्वार टुंग्याउन सकस देखियो । एमालेले विराटनगर महानगरपालिका, पोखरा महानगरपालिका, जनकपुर उपमहानगर पालिका लगायतको उम्मेद्वारी सोमबार मात्रै टुंग्यायो ।

तर ढिलोगरी उम्मेद्वारी टुंग्याउँदा पनि शीर्ष नेताहरुले नातेदारलाई नै टिकट दिए । सत्ता गठबन्धनमा कांग्रेसको भागमा परेको काठमाडौं महानगरमा सिर्जना सिंहको उम्मेद्वारी दर्ता भएको छ। सोमबार मात्रै उम्मेद्वार टुंगाउने क्रममा सिर्जनालाई टिकट दिइएको हो ।

> लोकतन्त्रले हरेक नागरिकलाई प्रतिनिधि चुन्ने र चुनिने अधिकार सुनिश्चित गर्छ । तर वंशज परम्परातका आधारमा चल्ने राजतन्त्र र राणा शासनको अन्त्यपछि लोकतान्त्रिक दलहरुले पनि नाता मोह त्याग्न सकेको देखिन्न । स्थानीय चुनावका लागि सोमबार भएको मनोनयन दर्तामा पनि त्यस्तो प्रवृत्ति देखिएको छ ।

उनको उम्मेद्वारी विवादित बनेको छ। यसको कारण भने सिर्जना कांग्रेस शीर्ष नेताको नातेदार हुनु हो। सक्रिय राजनीतिमा रहेका अरु नेताहरु पनि आकांक्षी थिए। तर पूर्वमहामन्त्री प्रकाशमान सिंहकी पत्नी सिर्जनालाई टिकट दिइयो। उनी ३६ वर्ष यता सक्रिय राजनीतिमा थिइनन्। तर गएको मंसिरमा सम्पन्न कांग्रेस महाधिवेशनमा सभापतिको उम्मेद्वार बनेका सिंहको गुन तिर्न सभापति शेरबहादुर देउवाले सिर्जनालाई टिकट दिए। पहिलोपटक ५० प्रतिशत मत कटाउन नसकेका देउवालाई दोस्रो चरणको मतदानमा सिंहले साथ दिएका थिए ।

अर्को महानगर भरतपुरको उम्मेद्वारलाई लिएर नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड आलोचित हुँदै आएका थिए। तर फेरि पनि प्रचण्ड पुत्री रेनु दाहाल भरतपुर महानगरको मेयरको उम्मेद्वार बनिन्। भरतपुर कांग्रेसको ठूलो विरोधका बीच पनि रेनुलाई नै शीर्ष नेताहरुले उम्मेद्वार बनाए। विराटनगर महानगरको उम्मेद्वार पनि वंशजका आधारमा टुंग्याइएको छ।

मेयरका उम्मेद्वार रहेका नागेन्द्र कोइराला डा.शेखर कोइराल निकट भएकैले टिकट पाए। उनी कांग्रेसभित्र कोइराला विरासत बोक्ने नेता हुन्। तर उपमेयरमा भने जनता समाजवादी पार्टी (जसपा) का अध्यक्ष उपेन्द्र यादवका पुत्रले टिकट पाए। मधेश आन्दोलनका क्रममा मोरङको नेतृत्व गरेका उमेश यादव मेयरका आकांक्षी थिए। ०७४ को चुनावमा उमेश मेयरका दावेदार थिए। तर उपेन्द्रका पुत्रले टिकट पाउने भएपछि उमेशले पार्टी त्यागेर स्वतन्त्र उम्मेद्वारी दिए ।

# परिचय बदल्ने प्रयासमा वैदेशिक रोजगार कार्यालय ताहाचल



**मदनकुमार श्रेष्ठ/रेशमराज पौडेल**
काठमाडौं, १२ वैशाख

अनलाइन प्रविधिका माध्यमबाट श्रम स्वीकृति प्रदान गर्न थालिएपछि वैदेशिक रोजगार विभाग काठमाडौं कार्यालय ताहाचलको परिचय नै बदलिएको छ । सेवाग्राहीले पेश गर्ने कागजातका आधारमा श्रम स्वीकृति प्रदान गर्दा हुने गरेको अनुचित लेनदेन, दबाब, दुराचार र भ्रष्टाचारका कारणले मुलुकमै 'भ्रष्ट कार्यालय र भ्रष्ट कर्मचारी'को बद्नाम छवि बनाएको उक्त कार्यालयमा त्यही काम प्रविधिको प्रयोग गरेर गर्दा सुधार अनपेक्षितरूपमा छिटो देखिएको छ ।

श्रम स्वीकृतिको सेवा प्रवाहमा गरिएको सुधारले नेतृत्वले चाहेमा परिवर्तन सम्भव छ भन्ने सन्देश पनि उक्त कार्यालयले दिएको छ । वैदेशिक रोजगार काठमाडौं कार्यालय ताहाचलले गत माघदेखि पुनः र गत २ वैशाखदेखि संस्थागत अर्थात् म्यानपावर कम्पनीमार्फत हुने श्रम स्वीकृतिको काम अनलाइन प्रणालीबाट प्रदान गर्न शुरूवात गरेको थियो । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री कृष्णकुमार श्रेष्ठ (किसान)ले वैदेशिक रोजगर कार्यालय ताहाचलबाट संस्थागत श्रम स्वीकृति अनलाइनबाट मात्र हुने व्यवस्थाको शुभारम्भ गरेका थिए ।

विगतमा 'घुस नदिई कामै नहुने' भन्ने उक्त कार्यालयको सार्वजनिक परिचय कायम भएको थियो । पहुँच भएका कर्मचारी उक्त कार्यालय जान मरिहत्ते गर्ने गर्दथे । अनुचित लाभका सबै श्रोत अनलाइन प्रणालीले बन्द गरिदिएपछि इमान्दार र शुसासनमा रूची राख्ने कर्मचारीहरू मात्र उक्त कार्यालय जाने वातावरण बनेको छ ।

प्रविधिको प्रयोग गरी श्रम स्वीकृति दिन थालिएपछि सबै काम अनलाइनबाट हुने गरेको छ । पहुँच र लेनदेनका आधारमा छिटो काम गरिदिने र एकअर्काको पालो मिच्ने प्रवृत्ति रोकिएको छ । प्रविधिका कारण सेवाग्राहीले आफ्नो फाइल कहाँ छ, के हुँदैछ भन्ने थाहा पाइरहेका छन् ।

भौतिकरूपमा सेवाग्राही उपस्थित नहुने भएपछि उक्त कार्यालय आजभोलि सुनसान बनेको छ। कार्यालयले विगतमा अत्यधिक हुने भिडभाडका कारण श्रम प्रतिनिधि बस्ने बेन्च, पिउने पानी, फ्रि इन्टरनेट जस्ता सुविधा उपलब्ध गराएको थियो । सेवाग्राहीको उपस्थिति लगभग शुन्यको अवस्थामा पुगेपछि विगतमा तयार पारिएका ती भौतिक संरचनासमेत अनावश्यक देखिन थालेका छन् ।

– बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## कामदारको समस्या समाधानबारे साउदी राजदूतसँग छलफल



**काठमाडौं/मस–** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठ (किसान)ले वैदेशिक रोजगारीका लागि अरेबियामा रहेका नेपालीहरुका समस्या समाधानका लागि नेपालका लागि साउदी अरेबियाका कार्यवाहक राजदूत नाइफ अलोटाइवीको ध्यानाकर्षण गरेका छन् । मन्त्रालयमा सोमबार भएको भेटमा दुई देशबीच रहिआएको आपसी

– बाँकी पृष्ठ २ मा

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
१३ वैशाख २०७९, मंगलबार
26 April 2022, Tuesday

# निर्वाचनमा पत्रकार आचारसंहिताको पूर्ण पालना गर्न आग्रह




**काठमाडौं/मस–** आसन्न स्थानीय तहको निर्वाचनमा पत्रकार आचारसंहिताको पालना गरी तटस्थ भूमिका निर्वाह गर्न आग्रह गरिएको छ ।

नेपाल पत्रकार महासंघले महासंघको सदस्यता प्राप्त गरेका कोही पनि निर्वाचनमा उम्मेदवार बन्न चाहेमा सदस्यता त्याग्न सबैलाई आह्वान गरेको छ । निर्वाचन आचारसंहिता, २०७८ को प्रतिकूल हुने काम नगर्नसमेत महासंघले आग्रह गरेको छ ।

'महासंघले सधैँ साझा र तटस्थ भूमिका निर्वाह गरिरहेको सन्दर्भमा यसको गरिमा, साख र साझा चरित्र बचाउन हरेक सदस्यको भूमिका महत्वपूर्ण रहिआएको छ', महासंघद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । निर्वाचन आचारसंहितामा सञ्चार प्रतिष्ठान, सम्बद्ध कर्मचारी तथा पत्रकारले कसैको पक्ष वा विपक्षमा एसएमएस, फेसबुक म्यासेन्जर, ट्विटर, युट्युव र इन्स्टाग्राम जस्ता विद्युतीय माध्यमको प्रयोग गरी कुनै पनि सामग्री प्रकाशन, प्रसारण वा सम्प्रेषण गर्न तथा त्यस्ता सामग्री सामाजिक सञ्जालमा सेयर, लाइक, कमेन्ट वा प्रतिकमेन्ट गर्न नहुने विज्ञप्तिमा उल्लेख छ ।

सो व्यवस्थाको पालना गर्दै सत्यतथ्य, निष्पक्ष र तटस्थ सूचना सम्प्रेषण गर्ने पत्रकारको मूल दायित्वको हेक्का राख्न पनि महासंघले आग्रह गरेको छ ।

निर्वाचनका समयमा महासंघका सदस्यको भूमिकाको अनुगमन गरी यथार्थ विवरण संकलन गर्न महासंघको आचारसंहिता तथा अनुगमन विभागले अनुगमन गरिहेको छ । महासंघका कुनै पनि संरचनामा रहेका पदाधिकारी वा सदस्य उम्मेदवार बनेमा महासंघको विधानको मर्म र व्यवस्थाअनुसार सोही समयदेखि कायम रहेको पदबाट स्वतः मुक्त हुने निर्णय समेत गरिएको छ ।

# राष्ट्रपति भण्डारीद्वारा फ्रान्सका राष्ट्रपतिलाई बधाइ





काठमाडौं/मस-राष्ट्रपति विद्यादेवी भण्डारीले फ्रान्सका नवनिर्वाचित राष्ट्रपति एम्यानुयल माक्रोनलाई बधाइ दिँदै उनको दोस्रो कार्यकाल सफलताको कामना गरेकी छन् ।

राष्ट्रपति भण्डारीले ट्वीटमार्फत बधाइ तथा शुभकामना दिएका हुन् । उनले माक्रोनको कार्यकालमा नेपाल र फ्रान्सको सम्बन्ध थप प्रगाढ हुने विश्वास व्यक्त गरेकी थिइन् ।

'आगामी दिनमा नेपाल-फ्रान्स सम्बन्ध र सहयोगको क्षेत्र थप प्रगाढ र व्यापक हुँदै जानेछ भन्ने मेरो विश्वास छ', विज्ञप्तिमा भनिएको छ ।

फ्रान्सका राष्ट्रपति माक्रोन राष्ट्रपतिमा पुनः निर्वाचित भएका छन् ।

# चक्लेट टिप्न जाँदा एक बालिकाको ज्यान गयो

**मलङ्गवा/मस–** बिहेमा लुटाइएको चक्कलेट टिप्न जाँदा सर्लाहीको बसबरिया गाउँपालिकामा एक बालिकाको मृत्यु भएको छ । सर्लाहीको बसबरिया गापा-४ धनगढामा आज चक्लेट टिप्न जाँदा डिजेसहितको रथले किचिएर गोडैता नगरपालिका-१० सिसौटिया निवासी प्रेम पण्डितको करिब ७ वर्षीया छोरी लक्ष्मी पण्डितको घटना स्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ ।

बसबरिया गापाको धनगढा निवासी भागिरथ राय कुर्मीको छोरा विकेश राउतको बिहेमा सोमबार साँझ लुटाइएको चक्लेट टिप्ने क्रममा बालिकाको रथले किचिएर मृत्यु भएको सर्लाहीका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक माधवप्रसाद बुढाथोकीले जानकारी दिए । मृतक बालिका धनगढास्थित आफ्नो मामा घर आएको बेलमा दुर्घटनामा परेको हो । डिजे रथ प्रहरीले नियन्त्रणमा लिएको छ भने चालक फरार भएको छ ।

# ६८ शौचालय र ३५ खानेपानी धारा पुन:निर्माण

**जनक श्रेष्ठ/मध्यान्ह**
लमजुङ, १२ वैशाख

गोरखा भूकम्प गएको करिब आठ वर्षको अवधिमा यहाँ ६८ विद्यालयमा शौचालय भवन पुनः निर्माण भएका छन् ।

विसं २०७२ वैशाख १२ गते गएको भूकम्पले क्षति बनाएका ६९ शौचायलयमध्ये अब एक शौचायलय मात्र निर्माण सम्पन्न हुन बाँकी रहेको शिक्षा विकास तथा समन्वय एकाइ एवं साविक राष्ट्रिय पुन:निर्माण प्राधिकरण जिल्ला आयोजना कार्यान्वय एकाइ (शिक्षा) का इञ्जिनीयर दीपकराज कँडेलले बताए । उनका अनुसार ३६ खानेपानीका धारा पुन:निर्माण गर्नुपर्नेमध्ये ३५ खानेपानी धारा निर्माण सम्पन्न भएका छन् । एक खानेपानी निर्माणाधीन रहेको र यही वैशाखभित्रमा सम्पन्न हुने इञ्जिनीयर कँडेलको भनाइ छ । जिल्लामा विद्यालय भवन, शौचायलय तथा खानेपानी धारा निर्माण आर्थिक वर्ष २०७३/७४ देखि सुरु गरिएको थियो । उक्त आर्थिक वर्षदेखि जिल्लामा पुन:निर्माण गर्नुपर्ने विद्यालय भवन पाँच वर्ष अवधि रहेको थियो । राष्ट्रिय पुन:निर्माण प्राधिकरण जिल्ला आयोजना कार्यान्वय एकाइले उक्त समयदेखि विद्यालय, शौचायलय तथा खानेपानी धारा निर्माणको जिम्मा लिँदै आए पनि गत असोज १ गतेदेखियता शिक्षा विकास तथा समन्वय एकाइले हेर्दै आएको छ ।

## उत्साहजनक...

निर्वाचनमा एमालेबाट उम्मेदवार देवी ज्ञवाली र कांग्रेस-माओवादी केन्द्र गठवन्धनबाट उम्मेदवार रहेकी रेनु दाहालबीच भएको प्रतिस्पर्धाले मुलुककै ध्यान खिचेको थियो ।

यो पटठक पनि रेणु दाहाल चुनावी मैदानमा छन् । तर, एमाले उम्मेदवारमा ज्ञवाली छैनन् । यसपटक विजय सुवेदी मैदानमा छन् । दोस्रोपटक मेयर बन्न चाहेकी रेणुलाई नेपाली कांग्रेस सहित सत्तारुढ गठबन्धनको साथ छ । एमाले उम्मेदवार सुवेदीलाई राप्रपाको समर्थन छ ।

ललितपुर महानगरपालिकामा सत्तागठबन्धनबाट मेयरमा काग्रेसका चिरिबाबु महर्जन र एमालेबाट मेयरमा हरिकृष्ण व्यञ्जनकार चुनावी मैदानमा छन् । यी दुबै ०७४ सालका पनि मेयरमै भिडेका व्यक्ति हुन ।

०७४ को चुनावमा निवर्तमान मेयर महर्जनले व्यञ्जनकारलाई ३२६ मतले हराएका थिए । महर्जनलाई यो पटक पाँच दलको समर्थन छ । एमाले एक्लै चुनावी प्रतिस्पर्धामा छ । विराटनगर महानगरपालिकाको मेयरमा सत्तारुढ गठबन्धनबाट कांग्रेसका नागेश कोइराला र उपमेयरमा जनता समाज पार्टी (जसपा) का अमरेन्द्र यादवले मनोनयन दर्ता गरेका छन् । दुबैले सत्ता गठबन्धनको भागवण्डा अनुसार उम्मेदवारी दर्ता गरेका हुन् ।

नेकपा एमालेले विराटनगर महानगरपालिकाको मेयरमा नगर कमिटी अध्यक्ष सागर थापालाई उठाएको छ । वीरगञ्ज महानगरपालिकाको मेयरमा एमालेबाट विजयकुमार सरावगीले उम्मेदवारी दर्ता गराएका छन् । सत्तागठबन्धनबाट जसपाका राजेशमान सिंह चुनावी मैदानमा छन् ।

पोखरा महानगरपालिकामा सत्तारुढ गठबन्धनबाट मेयरमा नेकपा एकीकृत समाजवादीका धनराज आचार्यले मनोनयन दर्ता गरेका छन् । नेकपा एमालेबाट मेयरमा कृष्ण थापाको मनोनयन दर्ता भएको छ ।

धनराज आचार्य पनि पुराना नेता हुन् । २०३९ सालबाट अनेरास्ववियुबाट राजनीति सुरु गरेका आचार्यले २०५० देखि २०५४ सालसम्म संगठनको पश्चिमाञ्चल प्रमुख, २०५४ देखि २०५८ सालसम्म केन्द्रीय सचिवालय सदस्य भएर जिम्मेवारी निर्वाह गरेका थिए । धरनराजका प्रतिस्पर्धी नेकपा एमालेबाट मेयर उम्मेदवार थापा पनि पुरानै नेता हुन् ।

उनी प्रदेश सभा सदस्यबाट राजीनामा दिएर पोखरा महानगरको मेयरमा मनोनयन दर्ता गरेका नेता हुन् । तर उम्मेद्वारी दिनेको अन्तिम संख्या भने आयोगले सोमबार राति अबेरसम्म तयार पार्न सकेन ।

## वडाध्यक्षको ...

उम्मेदवारी दिएको छ भने कांग्रेसले २९९ ठाउँमा मनोनयन दर्ता गरेको छ । राप्रपाको संख्या २१६ छ ।

उपमेयर, उपाध्यक्ष र वडा अध्यक्षहरुमा पनि दलहरुको भन्दा धेरै स्वतन्त्र उम्मेदवारी परेको छ । निर्वाचन आयोगका अधिकारीहरु दुई कारणले स्वतन्त्र उम्मेदवारी परेको बताउँछन् ।

एक- दलहरुको गठबन्धन ।
दुई- दलहरुप्रति अविश्वास ।

गठबन्धन गर्दा असन्तुष्ट भएकाहरुले स्वतन्त्र उम्मेदवारी दिएको र दलहरुप्रति अविश्वास भएका नागरिकहरुले पनि उम्मेदवारी दिएका छन् ।

## परिचय...

कार्यालय प्रमुख सहसचिव रमेश अर्यालले श्रममन्त्री श्रेष्ठ, सचिव एक नारायण अर्याल, वैदेशिक रोजगार विभागका महानिर्देशक शेष नारायण पौडेल, आफू, मातहत कर्मचारी तथा सञ्चारमाध्यम र वैदेशिक रोजगार व्यवसायी सबैको श्रम स्वीकृतिलाई छिटो छरितो गर्नुपर्ने सोच र दबाबका कारणले छिटो परिणाम देखिएको मध्यान्ह दैनिकलाई बताए ।

हाल उक्त कार्यालयले पुनः श्रम स्वीकृति, संस्थागत गरी दुई प्रकारका श्रम स्वीकृतिको काम पूर्णरूपमा अनलाइन माध्यमबाट प्रदान गरिरहेको छ । केही समयपछि नै व्यक्तिगत (नयाँ श्रम स्वीकृति) पनि अनलाइनका माध्यमबाट दिने तयारी भइरहेको कार्यालय प्रमुख अर्यालले जानकारी दिए ।

सूचना प्रविधिको प्रयोग गरी श्रम स्वीकृतिको काम अनलाइनबाट मात्रै गर्दा कार्यालयमा अनावश्यक भिडभाड हटेको र शुसासनको प्रत्याभूति बढेको छ । श्रम स्वीकृतिको माखेसाँङ्लो प्रयोग गरेर वर्षौंदेखि कार्यालय परिसर बाहिरी सडक वरिपरि असुलीका लागि अनावश्यक रूपमा खोलिएका 'श्रम गरिदिने' सटरहरू पनि बन्द भएका छन् । सटरहरूको भाडा पनि ह्वात्तै घटेको छ ।

कार्यालयका सूचना अधिकारी हरि नागिला झ्यालबाट श्रम प्रतिनिधिको पट्यार लाग्दो दबाबले कतिपय कर्मचारीले मानसिक तनाव समेत झेल्नुपरेको भन्दै प्रविधिको प्रयोगले कर्मचारीलाई समेत शान्ति मिलेको बताउँछन् ।

कार्यालय प्रमुख सहसतिव अर्यालले श्रम स्वीकृतिलाई छिटो छरितो गर्न सेवा प्रवाहका ४ चरणलाई घटाएर २ चरणको बनाइएको जानकारी दिए । कार्यालयबाट औसतमा प्रतिदिन एक हजार ५ सय जनाको अन्तिम श्रम स्वीकृति हुने गरेको छ ।

केही म्यानपावर कम्पनीले साँझको जहाज टिकट लिएर बिहान दश बजेमात्र श्रम स्वीकृतिका लागि अनलाइन आवेदन गर्ने गरेको कारणले कतिपय अवस्थामा गुनासो आउने गरेको अर्यालले बताए ।

श्रम स्वीकृति सम्पूर्ण सेवा 'फेसलेस' बनाइसकिएको अवस्थामा बिना कारण म्यानपावर कम्पनीका कर्मचारी कार्यालयमा देखिए सम्बन्धित संस्था र व्यक्तिलाई सचेत गराउने भन्दै जायज समस्या भएमा पूर्वअनुमति लिएर कार्यालयका प्रमुख वा सूचना अधिकारीलाई भेट्ने प्रबन्ध भने मिलाइएको अर्यालले बताए ।

## कामदारको ...

सम्बन्ध र चासो तथा नेपाली कामदारको समस्याका बारेमा छलफल भएको मन्त्री श्रेष्ठको निजी सचिवालयले जनाएको छ ।

श्रममन्त्री श्रेष्ठले पछिल्लो समय नेपाली कामदारको प्रमुख श्रम गन्तव्य बनेको साउदीमा नेपालीहरु विभिन्न समस्यामा परेको गुनासो आएको भन्दै समाधानको पहल गर्न राजदूत अलोटाइवीसँग आग्रह गरे । करिब चार लाख श्रमिक कार्यरत रहेको साउदी अरेबिया नेपाली कामदारका लागि प्रमुख श्रम गन्तव्य हो ।

पछिल्लो समय सम्झौता अनुसार काम र पारिश्रमिक नपाएको भन्दै उजुरी तथा गुनासो गर्ने नेपाली कामदारको संख्या बढेको छ । नेपाल र साउदी अरेबियाबीचको श्रम सम्झौतालाई छिटो अन्तिम रूप दिनुपर्ने पनि मन्त्री श्रेष्ठले उल्लेख गरेका छन् । श्रम सम्झौता नहुँदा रोजगारदाता तथा मानवश्रोत आपुर्तिकर्ता संस्थाको कर्तव्य स्पष्ट हुन नसकेको मन्त्री श्रेष्ठको भनाइ छ ।

राजदूत अलोटाइवीले नेपाली कामदारको सहजताको लागि आफु प्रतिबद्ध रहेको बताएका छन् । कामदारको समस्या समाधानका अतिरिक्त मन्त्री श्रेष्ठले साउदी अरेबिया सरकारको सहयोगमा नेपालमा साउदी लक्षित सीप प्रशिक्षण केन्द्र संचालनको प्रस्ताव पनि गरेका छन् । अहिले साउदी अरेबिया जाने अधिकांश कामदार अदक्ष रहेकोले सीपयुक्त जनशक्ति उत्पादन गर्न सीप परीक्षण परियोजना संचालन गर्न सकिने मन्त्री श्रेष्ठले बताए । साउदीमा रोजगारीका लागि जाने नेपाली कामदारमध्ये अधिकांश अदक्ष कामदार छन् ।

**Invitation for Bids**

**Melamchi Municipality**
**Office of the Municipal Executive**
**Melamchi, Sindhupalchok**
**Date of publication: 2079/01/13**

The Melamchi Municipality Office invites electronic bids from eligible bidders for the following procurement.

| S. N. | Contract ID | Name of Project | Bid Document Fee | Estimated Cost (including VAT ) | Bid Security Amount NRs | Bid Submission Last Date Time | Bid Opening Date & Time | Remarks |
|---|---|---|---|---|---|---|---|---|
| 1 | MMSI/ WORKS/ NCB/ 2078-79/36 | Slope Stabilization Works at Melamchi Primary Hospital Premises, Melamchi -11, Sindhupalchok | 3000 | 1,94,76,604.13 | 4,40,000 | 2079/01/27, 12:00 Hrs | 2079/01/27, 13:00 Hrs | Due to Special Circumstances |
| 2 | MMSI/ GOODS /NCB/Net/ 2078-79/01 | Supply, Delivery, Installation, Commissioning and Testing of broadband services in designated locations of Melamchi Municipality, Ward Offices, Community Health Centers and Community school of Melamchi Municipality through 12-Core Optical Fiber | 3000 | 1,13,42,852.00 | 2,80,000 | 2079/02/12, 12:00Hrs | 2079/02/12 , 13:00 Hrs | |

Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Melamchi Municipality, Melamchi Sindhupalchok, Telephone: 011- 401089, Email: dms.melamchimun@gmail.com, or may visit PPMO e-GP System www.bolpatra.gov.np/egp.
Bidder may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders should deposit the cost ***mentioned above*** of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of submission of the bids.
**Information to deposit the cost of bidding document in Bank:**
**Name of the Bank: Nepal Bank Ltd, Melamchi Sindhupalchok,**
**Name of Office: Melamchi Municipality office,**
**Rajashwa (Revenue ) Shirsak No :16803000001001000001**
**Information to deposit Bid security Amount in bank:**
**Dharauti(Deposit) Account No:-16803000003000000001**
Pre-bid meeting shall be held at Melamchi Municipality, Office of the Municipal Executive, Melamchi Sindhupalchok on 2079/01/23 at 13:00 Hrs.
Bids must be valid for a period of ***90 days after*** bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid amounting to a minimum of **as mentioned above**, which shall be valid for 30 days beyond the validity period of the bid.
If the last date of purchasing or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
Other things not included in bidding documents will be as per PPA 2063 and PPR 2064.

**Chief Administrative Officer**

**Government of Nepal**
**Ministry of Physical Infrastructure and Transport**
**Department of Roads**
**Federal Road Supervision & Monitoring Office**
**Road Division Butwal**
**Invitation for Bids**
**Notice No.-11-078/079**
**First Date of Publication: 2079-01-13 (26th April, 2022)**

Road Division Butwal invites electronic bids from eligible bidders for the construction of works mentioned in table below under National Competitive Bidding Procedures:

| S.N. | Contract No. | Description of Work | Minimum Average Annual Construction Turnover (AACT) NRs. | Minimum Bid Security Amount NRs. | Price of Bid Document Nonrefundable NRs. |
|---|---|---|---|---|---|
| 1. | DROBTL/33701122/ 078/079-042 | Construction of Inguriya Khola Bridge (RCC bridge 2*25m) Connecting Dhusawa-4 and Khadwa Bangai-4(Sukhauli-Kishuli), Rupandehi | 85.00 Millions | 2,400,000 | 10,000 |
| 2. | DROBTL/33701122/ 078/079-043 | Construction of Prestressed Concrete Bridge (1*40m) over Kanchan Khola, Gajedi-03, Danachaur, Rupandehi. | 75.00 Millions | 2,100,000 | 5,000 |

| Last Date and Time for Bid Purchase and submission: **2079/02/12 (2022/05/26), within 12:00 hrs** | Date and Time for Bid Opening: **2079/02/12 (2022/05/26), at 13:00 hrs** |
|---|---|

Bid Validity Period shall be **120 days** for **S.N. 1** and **90 days** for **S.N 2** and Bid Security Period shall be 30 days beyond Bid Validity Period. For further details of the Notice of Invitation for bids, interested bidders are requested to visit the notice board of Road Division, Butwal or PPMO's Web Address: http://bolpatra.gov.np/egp.

**Division Chief**

# सिन्धुपाल्चोकमा माओवादी केन्द्रका कार्यकर्ताबीच झडप

सिन्धुपाल्चोक/मस- सिन्धुपाल्चोकमा नेकपा माओवादी केन्द्रका कार्यकर्ताबीच झडप भएको छ। जिल्लाको चौतारा साँगाचोकगढी नगरपालिकामा टिकट पाउने र नपाउने पक्षबीच झडप हुँदा साँगाचोकगढी निर्वाचन कार्यालय तनावग्रस्त बनेको छ। झडपमा नगरपालिकाको कार्यालयसमेत तोडफोड भएको छ।

चौतारा साँगाचोकगढीको वडा नम्बर १ र १४ को वडा अध्यक्ष एकीकृत समाजवादीलाई दिएपछि टिकट नपाउने माओवादी केन्द्रका कार्यकर्ताले नगरपालिका तोडफोड गरेका हुन्।

झडपका कारण मनोनयन दर्ता प्रक्रिया समेत केहीबेर अवरुद्ध भएको



सिन्धुपाल्चोकका प्रहरी उपरीक्षक रामेश्वरप्रसाद यादवले जानकारी दिए। स्थिति नियन्त्रणमा लिन प्रहरीले अश्रुग्यास पनि प्रहार गरेको थियो।

**हेलिकप्टरबाट खोटाङ पुगेका पोखरेल कुटिए**

नेपाली कांग्रेसबाट दिक्तेल नगरपालिकाको मेयरमा उम्मेद्वारी दर्ता गराउन हेलिकप्टरबाट खोटाङ पुगेका धर्मराज पोखरेलको टिकट खोसिएको छ। कांग्रेसको प्रदेश नम्बर १ का सभापति उद्धव थापाले हस्ताक्षर गरेको पत्रसहित खोटाङ पुगेका पोखरेललाई कांग्रेसकै कार्यकर्ताहरूले सोमबार कुटपिटसमेत गरेका थिए।

असन्तुष्ट कार्यकर्ताहरूले पोखरेललाई लखेटेको भिडिओ सार्वजनिक समेत भएको थियो। विवाद बढेपछि कांग्रेस सभापति शेरबहादुर देउवाले हस्तक्षेप गरेका छन्। देउवाको हस्तक्षेपसँगै दिक्तेल नगरपालिकामा कांग्रेसबाट तीर्थराज भट्टराईले टिकट पाएका छन्। देउवाद्वारा हस्ताक्षरित पत्रसहित भट्टराईले मेयरमा उम्मेदवारी दर्ता गराएका छन्।

# तनहुँमा दुई सय एक क्षयरोगी

**प्रकाश अधिकारी/मध्यान्ह**
दमौली, १२ वैशाख

तनहुँमा क्षयरोगका २०१ बिरामी पहिचान भएका छन्। चालु आर्थिक वर्षको फागुन मसान्तसम्म जिल्लामा क्षयरोगका २०१ बिरामी पहिचान भएका हुन्।

स्वास्थ्य कार्यालयका अनुसार त्यसमध्ये नसर्ने खालका १३० रहेका छन्। जिल्लामा क्षयरोगको ८२.१ प्रतिशत उपचार सफल भएको स्वास्थ्य कार्यालयका प्रमुख शंकरबाबु अधिकारीले जानकारी दिए। छ महिना नियमित औषधि सेवन गरे क्षयरोग निको हुन्छ।

क्षयरोग पहिचानका लागि कार्यालयले कारागार, इँटाभट्टामा बेला-बेलामा खकार परीक्षण गर्ने गरेको छ। क्षयरोगीको उपचारका लागि जिल्लामा ५० उपचार केन्द्र, नौ प्रयोगशाला छन्। अशिक्षा, अज्ञानता र भौगोलिक कारणले क्षयरोगी उपचारको पहुँचमा आउन नसकेको उनले बताए। 'क्षयरोगी पहिचान गरी उपचारको पहुँचमा ल्याउनुपर्ने विद्यमान चुनौती छ', कार्यालय प्रमुख अधिकारीले भने, 'समाजले हेलाको भावनाले हेर्ने गलत मानसिकताका कारण पनि क्षयरोगी रोग लुकाएर बस्न बाध्य छन्।'

सन् २०५० सम्म नेपाल क्षयरोगविहीन बनाउने लक्ष्य छ। यसका लागि क्षयरोगका बिरामी पहिचान गरी उपचार गर्नुपर्ने बाध्यता रहेको छ। 'उपचारमा नरहेको एक क्षयरोगीले औषतमा दश देखि १५ स्वस्थ्य व्यक्तिलाई रोग सार्न सक्छ', उनले भने, 'सो तथ्यांकलाई घटाउन पनि नयाँ क्षयरोगीको पहिचान आवश्यक छ।'

क्षयरोगी पहिचानका लागि कार्यालयले शंका लागेका व्यक्तिको घरमा पुगेर नै खकार संकलन गरी प्रयोगशालामा परीक्षण गर्ने व्यवस्था मिलाएको छ। 'दुई हप्तासम्म खोकी लागेका शंकास्पद व्यक्ति पत्ता लागे घरमै पुगेर खकार संकलन गरी परीक्षणको व्यवस्था मिलाएका छौं', उनले भने। क्षयरोगी पहिचानका लागि कन्ट्याक्ट ट्रेसिङको व्यवस्था पनि छ। कार्यालय प्रमुख अधिकारीका अनुसार छ महिनामा दुई पटक कन्ट्याक्ट ट्रेसिङ गरिन्छ। दुई महिनामा पहिलो पटक र छ महिनाभित्र अर्को पटक गरी कन्ट्याक्ट ट्रेसिङको व्यवस्था मिलाइएको छ।

क्षयरोगी भएको घरका पाँच वर्षमुनिका बच्चालाई क्षयरोग छैन भन्ने प्रमाणित भएको खण्डमा तीन महिनासम्म औषधि खुवाइने गरिइएको छ। 'घरपरिवारका सदस्यबाट नसरोस् भन्नका लागि उनीहरुलाई पनि औषधि खुवाउने व्यवस्था मिलाइएको हो', उनले भने। लुकेर बसेका क्षयरोगीलाई पहिचान गर्न नसकिए जोखिम बढ्ने उनले बताए।

# भूकम्प स्मृति सभा आयोजना

काठमाडौं/मस- २०७२ बैशाखको विनाशकारी भूकम्पमा परी दिवंगत भएकाहरुको सम्झनामा नेपाल रेडक्रस सोसाइटी केन्द्रीय रक्तसञ्चार सेवाले एक स्मृति सभा आयोजना गरेको छ।

केन्द्रीय रक्तसञ्चार सेवामा कार्यरत वरिष्ठ प्रविधिक सहायक लाल माया गुरुङ, रक्तसंकलन स्यंमसेवकहरु सानुमैया कपाली र सिम्रन डंगोल लगायत स्वयंसेवी रक्तदाताहरुको २०७२ वैशाख १२ गते शनिबारका दिन रक्त संकलन गर्दै गर्दाको अवस्थामा गएको विनासकारी भूकम्प कारण काष्ठमण्डपमा ज्यान गएको थियो।

केन्द्रीय रक्तसञ्चार सेवाका निर्देशक दिव्यराज



पौडेलको संयोजकत्वमा सोल्टीमोडमा आयोजित सातौं स्मरण कार्यक्रममा स्वयंसेवक तथा नेरेसोका वरिष्ठ कर्मचारीहरुको उपस्थिति रहेको थियो। भूकम्प गएको समय पारेर सोमबा बिहान ११ बजेर ५७ मिनेटमा मौनधारणबाट सुरु कार्यक्रमलाई सम्बोधन गर्दै पौडेलले विपत्तिमा परेर ज्यान गुमाउने दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै स्वयंसेवक र कर्मचारीहरुको शुरक्षामा थप ध्यान दिनुपर्ने बताए।

कार्यक्रममा रक्तसञ्चार सेवाका कर्मचारीहरु गमला क्षेत्री, राम श्रेष्ठले आफूहरु सो दिन फिल्डमा खटिँदा भोगेको अनुभव सहभागिहरुलाई सुनाएका थिए।

नेरेसो कर्मचारी संघका अध्यक्ष विष्णु तिम्सिनाले अग्रपंतिमा खटिनेहरुको मनोबल बढाउन राज्य र संस्थाले थप काम गर्नुपर्ने आवश्यकता औंलयाए।

# नेपाली जनप्रगतिशील मञ्च कतारको इफ्तार कार्यक्रम सम्पन्न



**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, १२ वैशाख

नेपाली जनप्रगतिशील मञ्च कतारले इस्लाम धर्मावलम्बीहरूको पवित्र महिना रमजानको अवसर पारेर बृहत् इफ्तार कार्यक्रम सम्पन्न गरेको छ। मञ्चका अध्यक्ष बुद्धि प्रसाद भण्डारीको सभापतित्व तथा नेपाली राजदूतावास कतारका द्वितीय सचिव प्रवीण भट्टराईको प्रमुख आतिथ्यतामा इफ्तार कार्यक्रम सम्पन्न भएको हो।

कार्यक्रमको उद्घाटन मौलानाले कुरान पाठबाट गरेका थिए। रमजानको महत्वका बारेमा धर्मगुरुहरूले प्रकाश पारेका थिए। कार्यक्रममा विभिन्न वक्ताहरूले शुभकामना राखेका थिए। आफ्नो शुभकामना मन्तव्यको क्रममा प्रनुख अतिथि भट्टराईले सार्वजनिक कार्यक्रममा सहभागी हुँदा नियोगले सुधार्नु पर्ने कुराहरूको जानकारी पनि पाइने हुँदा लाभदायक पनी रहने गरेको बताए।

उनले कार्यक्रम निर्धारित समयमा शुरु नगर्ने प्रवृत्तिविरुद्ध इङ्गित गर्दै कहिले काँही आफूले कार्यक्रममा गएर २ घण्टासम्म कुर्नु परेको गुनासो व्यक्त गरे। वक्ताहरूले आफूले बोलेर कार्यक्रम स्थल छाड्ने प्रवृत्ति सुधार्न समेत उनले आग्रह गरे।

मञ्चका महासचिव मोहमद कार्कीले सहजिकरण गरेको कार्यक्रममा नेपाली नियोगका सहचारी सन्दीप सापकोटा, एनआरएनए आईसिसिका विभिन्न तह तप्काका पदाधिकारीहरू लगायत कतारमा स्थापित विभिन्न जिल्ला, प्रदेश परिषद्, वैचारिक सङ्गठन, महिला समाज, पत्रकारहरू, सामुदायिक संघसंस्थाहरूका अध्यक्ष तथा प्रतिनिधीहरुको आतिथ्यता रहेको थियो। सभापति भण्डारीले रमजान, इद तथा नयाँ वर्षको शुभकामनासहित कार्यक्रमको समापन गरेका थिए।

ZERO COST RECRUITMENT FOR MALAYSIA!!
(मलेसियाको लागि शुन्य लागतको रोजगार)

Free Visa, Free Ticket, Free Service Charge
Free Medical, Free PCR, Free Transportation (After Selection) And Free Logding-fooding
(फ्रि भिषा, फ्रि टिकट, फ्रि सर्भिस चार्ज, फ्रि मेडिकल फ्रि पिसिआर, फ्रि यातायात (छनौट पछी) र फ्रि आवास)

रोजगारदाता कम्पनी : (Employer Company) : UNISTEEL TECHNOLOGY (M) SDN. BHD., JOHOR

| | | | | | |
|---|---|---|---|---|---|
| पूर्व स्वीकृत मितिः Pre Approval Date: | २०७९/०१/१२ 2022/04/25 | चलानी नं.: Invoice No.: | ६०१७८५१८ 60178518 | एल टि नं.: L.T. No.: | २६२२१० 262210 |

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब Monthly Salary रिङ्गिट MYR | ने.रु. NPR | ओभरटाइम सुबिधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | बार्षिक बिदा Annual Leave | खाना सुबिधा Food Facility | बस्ने सुबिध Accomodation Facility | करार अबधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | औद्योगिक कामदार Factory Worker (Manufaturing Sec.) | ५० 50 | 0 | स. काममा दक्ष | १,२०० 1200 | ३३,८७६ 33,876 | कम्पनीको नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | कम्पनीको नियम अनुसार As per the company rule | छैन No | छ Yes | दुई वर्ष 2 Years |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहोर्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | बिदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले ब्यहोर्ने/कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कस्ले ब्यहोर्ने Who will bear the Visa Cost | भिषा स्ट्याम्पीङ शुल्क कस्ले ब्यहोर्ने Who will bear the Visa Stamping Cost | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले ब्यहोर्ने How much is the Orientation Cost and who will bear it | कल्याणकारी कोष सम्बन्धी ब्यवस्था Management of Workers Welfare Fund | सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहोर्ने How much is the Service Fee and who will bear it |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने उमेर १८ देखि ३५: ने.रु.३७०८।- उमेर ३६ देखि ५०: ने.रु.४९३१।- उमेर ५१ देखि ६४: ने.रु.९४६३।- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | ने.रु.७००।- रोजगारदाताले ब्यहोर्ने NPR 700/- By the Employer | ने.रु.१५००।- रोजगारदाताले ब्यहोर्ने NPR 1500/- By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer |

Unisteel Technology (M) Sdn. Bhd. does not impose any Recruitment/Placement Fee For this Employment
युनीस्टिल टेक्नोलोजी (एम) एस.एन.डि. बि.एच.डि.ले रोजगारीको लागि कुनै पनि किसिमको भर्ती शुल्क लागु गर्ने छैन ।)

- Applicants are requested to submit their application directly without using any mediators. Applicant's (Family) members/Relatives/Friends) are not required to make any payments for this Employment.
(आवेदकलाई कुनै पनि मध्यस्तताको प्रयोग विना सिधा आवेदन गर्न आमन्त्रित गर्दछौं । आवेदक (परिवारको सदस्य/आफन्त/साथीभाई) ले यस रोजगारको लागि कुनै पनि प्रकारको शुल्क तिर्नु पर्ने छैन ।)
- We will not discriminate Workers or potential workers in any way.
(हामी कुनै पनि हिसाबले कामदारहरु वा सम्भाव्य कामदारहरु सँग भेदभाब गर्ने छैनौं ।)
- No one is allowed to take or give away gifts or bribes from suppliers and customers.
(उपहार वा घुस आपुर्तिकर्ता र ग्राहकहरुबाट कोही कसैलाई पनि लिन वा दिन अनुमति छैन ।)
- We ensure that no worker is required to pay force deposit, bond, deductions from wages to cover recruitment fees.
(हामी सुनिश्चित गर्छौं कि भर्ना शुल्क उठाउनको लागि कुनै पनि निक्षेप, ऋणपत्र वा ज्याला कटौती गराउन बाध्य गराउने छैन ।)

Feel Free to Report against Fraud, illegal activities or Corruption in Our Hotling Number Directly. We Shall Maintain Your Confidentiality.
(धोखाधरी अबैद्य क्रियाकलाप वा भ्रष्टाचार विरुद्ध हाम्रो हटलाइनमा सिधा रिपोर्ट गर्न नहिचकिच्याउनु होस । हामी तपाईको गोप्नीयता सुनिष्चित राख्ने छौं ।)

Interview shall be conducted adhering to social distancing guidelines and COVID-19 protocols.
(अन्तर्वार्ता कोभिड-१९ को सुरक्षा प्रक्रिया र सामाजिक दूरी कायम गरी आयोजना गरिनेछ ।)

Final Interview is going to conduct on 4 & 5 May 2022 in office premises.
(फाइनल अन्तर्वार्ता मिति २०७९ बैशाख २१ र २२ गते यस कार्यालय परिसरमा हुनेछ ।)

We declear that "Subas Human Resources Pvt. Ltd." don't have branch and agent.
(सुवास ह्युमन रिर्सोस प्रा.लि.को कोही कतै पनि शाखा र एजेन्ट नभएको जानकारी गराउँदछौं ।)

Candidates who are interested in this company can directly contact us for further counseling.
(यस कम्पनिमा जान चाहने कामदारहरुले थप परामर्शको लागि यस प्रा लि मा सिधा सम्पर्क गर्न सक्नुहुनेछ ।)

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। २.आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३.यस विज्ञापन (सूचना)मा उल्लेखभएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। ४.विदेशजानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघिआफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।
Information provided by the Department of Foreign Employment(DOFE) 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Buddhanagar.

SUBAS HUMAN RESOURCES
श्रम इजाजत नं. ८४८/०६६/०६७
सुबास ह्युमन रिसोर्सेज प्रा. लि.
SUBAS HUMAN RESOURCES PVT. LTD.
बिजुली बजार, काठमाडौं, हट लाइन : ५२४४७४३, फोनः ५२४४६८३, ५२४४६८१
Mobile: 9801059652/9801059654/ 9801057565 E-mail : adm@subasmail.com
pr@subasmail.com, Web.: Subashumanresources.com

साउदीमा रोजगार | १. कम्पनीः MANARAT SHARMA GENERAL CONTRACTING EST शहर : RIYADH

पुर्व स्वीकृत मितिः २०७९/०१/१२ चलानी नं.: ६०१७८५२४ L.T. No.: 261353

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | pan road machinery driver | 1 | 0 | स. काममा दक्ष | 1800 | ५८,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनीः MEL ABOUT US RESTAURANT TO SERVE MEALS शहर : RIYADH

पुर्व स्वीकृत मितिः २०७९/०१/१२ चलानी नं.: ६०१७८५२३ L.T. No.: 262116

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Worker. | 2 | 0 | स. काममा दक्ष | 1200 | ३९,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ वैशाख २० गते (3 May 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्योहोर्ने | रोजगारदाता कम्पनीले ब्योहोर्ने | रोजगारदाता कम्पनीले ब्योहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्योहोर्ने | रोजगार दाताले व्योहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

अल-हरमैन एच.आर. प्रा. लि.
श्रम इजाजत पत्र नं.: ११६०/०७३/०७४
पो.ब.नं. २१२५३, सिनामंगल-९, काठमाडौ, नेपाल, फोनः ०१-४४८४८१०
Email: alharmainhr18@gmail.com, info@alharmain.com.np, Web: www.alharmain.com.np

मलेशियामा रोजगारको अवसर | कम्पनी : CAMERONIA FRESH शहरः PAHANG

पूर्व स्वीकृत मितिः २०७९/०१/१२ चलानी नं.: ६०१७८५२२ LT. No.: 262287

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Harvest Worker | 10 | 0 | स. काममा दक्ष | 1200 | ३३,८७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छैन | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ वैशाख २० गते (3 May 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्योहोर्ने | रोजगारदाता कम्पनीले ब्योहोर्ने | रोजगारदाता कम्पनीले ब्योहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्योहोर्ने | रोजगार दाताले व्योहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Link International Placement Service Pvt.ltd.
Govt. Lic. No.: 821/066/067 ISO 9001 : 2015
Tokha-10, Prayasnagar, Samakhusi, Kathmandu, Tel.: 01-4956654, 4955978, 9849664971
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158

KUWAIT मा रोजगार | १. कम्पनीः AT DELIVERY CO FOR THE DELIVERY OF CONSUMER ORDERS W.L.L. शहरः KUWAIT

पूर्व स्वीकृत मितिः २०७९/०१/०४ चलानी नं.: २६१७८५२० LT. No.: 261728

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Light Driver | 19 | 0 | स. काममा दक्ष | 135 | ५३,९२९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ वैशाख २० गते (3 May 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्योहोर्ने | रोजगारदाता कम्पनीले ब्योहोर्ने | रोजगारदाता कम्पनीले ब्योहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्योहोर्ने | रोजगार दाताले व्योहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

GOLD OVERSEAS PVT. LTD.
Govt. Lic. No. 1210/073/074
Basundhara Kathmandu, Tel: 5903225, Mob.: 9807979144
Email: goldovs2074@gmail.com, jivanshr5@gmail.com, goverseas12@gmail.com

HOSPITALITY & HOTEL MANAGEMENT COURSES

होटल तथा हस्पिटालिटी सम्बन्धी सम्पूर्ण तालिमहरु जस्तै बारिस्टा, कमर्शियल कुकिङ, हाउस किपिङ, वेटर तथा वेट्रेस, कस्टुमर सर्भिस, स्किल डेभलपमेन्टजस्ता तालिमहरु भिक्टोरिया इन्टरनेशनल होटल ट्रेनिङ एण्ड इस्टिच्युटले दिँदै आइरहेको छ । यदि तपाईं पनि होटलसम्बन्धी राम्रो तालिम लिएर स्वदेश तथा विदेशमा स्वरोजगार बन्न चाहनुहुन्छ भने हामीलाई सम्झनुहोस् । यहाँ सस्तो मुल्यमा अन्तर्राष्ट्रिय स्तरको होटल सम्बन्धी तालिम दिई रोजगारको समेत ग्यारेन्टी दिइने भएको हुनाले ढिला नगर्नुहोस् ।

Hotel Training Diploma 1750 Hrs Rs 160,000 F&B Service, Production, HK, Barista, FO, CSA English Free Jobs.




तालिमपछि रोजगारको ग्यारेन्टी

VICTORIA INTERNATIONAL
VICTORIA INTERNATIONAL HOTEL TRAINING & INSTITUTE PVT. LTD.
www.facebook.com/hoteltrainingnepal Email: hoteltrainingnepal@gmail.com
Contact: 9801100127/ 9801100128 / 9801100129 / 9801100130

मध्यान्ह
www.madhyanhadaily.com
१३ वैशाख २०७९, मंगलबार
26 April 2022, Tuesday

## सम्पादकीय

### जनमतप्रति देखिएको विश्वास

आगामी पाँच वर्षका निम्ति जनप्रतिनिधि चयनको प्रक्रिया अगाडि बढेको छ । आइतबार र सोमबार निर्वाचन आयोगले मनोनयनको समय दिएको थियो । आइतबारबाट शुरू भएको मनोनयन दर्ता सोमबार राति अबेरसम्म चल्यो । आयोगले कति उम्मेद्वारी संख्याको अन्तिम सूचना आइतबार रातिसम्म दिन सकेको छैन । तर देशभर उत्साहजनक उम्मेद्वारी परेको छ । स्वतन्त्र उम्मेद्वारी दिनेको संख्या सोमबार राति अबेरसम्म पाँच हजार भन्दा बढी परेको आयोगले जनाएको छ । यो संख्या आफैमा उम्मेद्वारका आकांक्षीबारे बुझ्न पर्याप्त छ । किनभने मुलुकले अपनाएको प्रणाली बहुदलीय लोकतन्त्र हो । बहुदलीय लोकतन्त्रमा दलीय उम्मेद्वारकै कल्पना गरिन्छ । तर लोकतन्त्रले नागरिकलाई आफ्नो प्रतिनिधि चुन्ने र चुनिने अधिकार सुरक्षित गरेको हुन्छ । नेपालको संविधानले पनि त्यस्तो अधिकार दिएको छ । संविधानको त्यही अधिकार प्रयोग गरी स्वतन्त्र उम्मेद्वारी परेको हो ।

दलहरू संगठित शक्ति भएकाले उनीहरूले दिएकै उम्मेद्वारी बलियो हुन्छ । दलको चुनाव चिन्ह लिएर मैदानमा उत्रिएका उम्मेद्वार स्वभाविक रूपमा विजयी हुने सम्भावना हुन्छ । यसको अर्थ स्वतन्त्र उम्मेद्वार कमजोर हुन्छन् भन्ने होइन । स्वतन्त्र उम्मेद्वारलाई सार्वभौम मतदाताले मत दिन सक्छन् र जित्छन् पनि । तर मुलुकमा जस्तो राजनीतिक समीकरण निर्माण भएको छ, त्यो आधारमा भने यसपटक परेको स्वतन्त्र उम्मेद्वारीको विशेष अर्थ छ । किनकि यसपटक दलको पनि नेतृत्व हाबी हुन पुगेको छ । यसपटक दुई मुख्य गठबन्धन बनेको छ । एउटा सत्ता गठबन्धन र अर्को विपक्षी गठबन्धन मूख्य प्रतिश्पर्धी देखिएको छ ।

यसको अर्थ हो गठबन्धनले भागबण्डामा उम्मेद्वार टुंग्याएका छन् । बहुदलीय लोकतन्त्रको कल्पना बमोजिम दल समर्थकले आफ्नो आस्थाको चिन्हमा मतदान गर्न पाउने अवस्था देखिन्न । त्यस्तो अवस्थामा असन्तुष्टहरूले स्वतन्त्र उम्मेद्वारी दिएको बुझ्न गाह्रो पर्दैन । फेरि पनि दलविहीन लोकतन्त्रको वकालत गर्न सकिन्न । तर दलगत सिण्डिकेट स्वीकार्नु पनि संविधानको भावना होइन । दलका शीर्ष नेताले उम्मेद्वार खडा गर्न सक्छन्, तर सार्वभौम मतदाता आफ्नो मत प्रकट गर्न स्वतन्त्र छन् । दलहरूले गरेको गल्ती सच्याउने पनि मतदाताले नै हो । लोकतन्त्रलाई जिवन्त बनाउन पनि मतदाताले निर्भयताका साथ मत प्रकट गर्न पाउनु जरूरी छ । त्यस्तो उत्साह मनोनयन दर्ताको अवधिमा देखिएको छ । यो तथ्य दलहरूले बुझ्न जरूरी छ । फेरि पनि लोकतन्त्रलाई समृद्ध बनाउने कार्यको नेतृत्व दलहरूबाटै हुनुपर्छ ।

# अर्थतन्त्रमा क्रिप्टोकरेन्सीको प्रभाव

*क्रिप्टोकरेन्सी तथा विटक्वाइन जस्ता भर्चुअल कारोबार होइन, क्यासलेस अर्थतन्त्र आजको आवश्यकता हो । क्यासलेस अर्थतन्त्रमा विभिन्न बैंकहरूले आफ्नो एपमार्फत उपलब्ध गराइरहेको मोबाइल बैंकिङ्गदेखि चल्तीका वालेटहरू डिजिटल कारोबार गर्ने माध्यम हुन् ।*

अग्रलेख



● नन्दलाल खरेल

क्रिप्टोकरेन्सी भर्चुअल माध्यमबाट हुने कारोबार हो । क्रिप्टोकरेन्सी तथा बिटक्वाइन जस्ता भर्चुअल कारोबारले देशको अर्थतन्त्रमा गम्भीर चुनौती थप्ने गर्दछ । क्रिप्टोकरेन्सीको निर्माण र सञ्चालन विद्युतीयरूपले हुन्छ । यो एउटा यस्तो मुद्रा हो जुन कुनै देशबाट सञ्चालित छैन र, यसमाथि कुनै पनि किसिमको नियन्त्रण हुँदैन । करेन्सी भनिए पनि यसबाट करेन्सी हुँदैन । नेपालमा मात्र होइन विश्वमै यसले चर्चा पाइरहेको छ । कतिपय देशले यसलाई वैधानिकता दिइ करको दायरामा ल्याएका छन् भने धेरै देशले गैरकानुनी भनि प्रतिबन्ध लगाएका छन् । हाम्रो देशले क्रिप्टोकरेन्सी कारोबारलाई अवैध ठानेको छ । तर भारतले डिजिटल कारोबारको लागि आफ्नो छुट्टै डिजिटल करेन्सी बनाउने र त्यसको कारोबारलाई मान्यता दिन कानूनी संरचना तयार पार्ने योजना बनाएको छ । भारतको अर्थमन्त्री निर्मला सिता रमणले भर्खरै प्रस्तुत गरेको २०२२/२०२३ को बजेटमा यस्तो कारोबार हुने आयमा ३० प्रतिशत कर ल्याउने घोषणा गरकी छन् ।



